एकाइ ७ · हाम्रो पृथ्वी: सौरमण्डल, पृथ्वी र नेपालको स्वरूप

कार्यपत्र

पूर्णाङ्क २९

नाम _____ कक्षा _____ रोल नं. _____ मिति _____ प्राप्ताङ्क _____ / २९

१ मुख्य शब्द [३]


कोठामा दिइएका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको ०.५ अङ्क छ।

अक्ष	उपग्रह	क्रस्ट	ग्रह	परिक्रमा	बँसी	भूकम्प	लु


सूर्यको वरिपरि घुम्ने ठुला गोला पिण्डलाई _____ भनिन्छ। ग्रहको वरिपरि घुम्ने पिण्डलाई _____ भनिन्छ। कुनै वस्तुको वरिपरि फन्को लगाउनुलाई _____ भनिन्छ। अड्किएका चट्टान एक्कासि सर्दा जमिन हल्लिनुलाई _____ भनिन्छ। नदीको किनारको समथर तल्लो जमिनलाई _____ भनिन्छ। गर्मी याममा चल्ने तातो हावालाई _____ भनिन्छ।

२ चित्रको नामाङ्कन [३]

चित्रमा पृथ्वीका तीन तह र उसिनेको अन्डा छन्। १ देखि ६ सम्मका अङ्क भएका ठाउँमा उपयुक्त नाम लेख्नुहोस्। यी नाम प्रयोग गर्नुहोस्: स्थलमण्डल, मध्यमण्डल, केन्द्रमण्डल, बोक्रा, सेतो भाग, पहेँलो भाग। प्रत्येकको ०.५ अङ्क छ।



पृथ्वी



उसिनेको अन्डा

१. _____ २. _____

३. _____ ४. _____

५. _____ ६. _____

३ ठिक कि बेठिक? [२]

वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको ०.५ अङ्क छ।

i. बुध सौरमण्डलको सबैभन्दा सानो ग्रह हो। ☐

ii. पृथ्वी सूर्यको नजिक पुग्दा नेपालमा गर्मी हुन्छ। ☐

iii. सप्तकोसी नेपालको सबैभन्दा लामो नदी हो। ☐

iv. नेपालमा ज्वालामुखी छैन। ☐

४ अति छोटो उत्तर [९]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

क. सौरमण्डलमा कतिओटा ग्रह छन्? [१]

ख. कुन ग्रहलाई रातो ग्रह भनिन्छ? [१]

ग. पृथ्वीको प्राकृतिक उपग्रहको नाम लेख्नुहोस्। [१]

घ. कृत्रिम उपग्रहको कुनै एउटा काम लेख्नुहोस्। [१]

ङ. केन्द्रमण्डलमा मुख्य गरी कुन कुन धातु छन्? [१]

च. तराईलाई किन नेपालको अन्न भण्डार भनिन्छ? [१]

छ. नेपालको सबैभन्दा ठुलो ताल कुन हो? [१]

ज. तलैया माटो कसरी बन्छ? [१]

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-5-social/our-earth

झ. डोल्मा पहाडी प्रदेशमा बस्छिन्। उनको ठाउँमा कुन हावापानी पाइन्छ? [१]

५ छोटो उत्तर [६]

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

क. प्राकृतिक उपग्रह र कृत्रिम उपग्रहमा के फरक छ? एक एक उदाहरण दिनुहोस्। [२]

ख. नेपालमा असारमा गर्मी र पुसमा जाडो किन हुन्छ? [२]

ग. तालबाट हुने कुनै दुई फाइदा लेख्नुहोस्। [२]

६ लामो उत्तर [४]

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस्।

तराई प्रदेशका कुनै चार विशेषता लेख्नुहोस्।

७ सोच्नुहोस् [२]

सोचेर उत्तर लेख्नुहोस्।

बुधलाई सूर्यको फन्को लगाउन ८८ दिन लाग्छ। वरुणलाई करिब १६५ वर्ष लाग्छ। यति धेरै फरक किन पर्छ?

८ क्रियाकलाप: आठ ग्रहको चिनारी (अङ्क नदिइने)

सूर्यबाट क्रमैसँग ग्रहको नाम लेखी हरेकको एउटा चिनारी लेख्नुहोस्। पहिलो पङ्क्ति उदाहरणका लागि भरिएको छ।

क्रम	ग्रह	चिनारी
१	बुध	सबैभन्दा सानो ग्रह
२		
३		
४		
५		
६		
७		
८		